# रेड र आदिवासी जनजातिका सवालहरु

■ जैलबकुमार राई *

## पृष्ठभूमि

विश्वमा बढ्दै गएको तीव्र वन विनाश तथा वन क्षयीकरणका कारण द्रुत गतिमा बढ्दै गएको कार्बन उत्सर्जन विश्व समुदायका लागि ठूलो समस्या तथा चुनौती बन्दै गएको छ । तीव्र वन विनाश तथा वन क्षयीकरणकै कारण जलवायु परिवर्तनमा तीव्रता आउन थालेको छ । जसको परिणामस्वरुप मानव तथा प्राणी जगत्मा नै विषम संकट सिर्जना हुँदै जाने सम्भावना बढ्दै गएको छ । यसरी वन विनाश तथा वन क्षयीकरणबाट बढ्दै गएका समस्याहरुलाई न्यूनीकरण गर्नका लागि विगत केही वर्षदेखि रेडको अवधारणा विकास भएको छ । यसअन्तर्गत वनजंगलको दिगो संरक्षण तथा व्यवस्थापन गर्ने कामलाई प्रोत्साहन दिई वनमा कार्बन सञ्चिति बढाउनका लागि प्रोत्साहनस्वरुप भुक्तानी दिइन्छ । यस अवधारणालाई खासगरी विकासोन्मुख देशहरुमा भइरहेको वन विनाश र क्षयीकरणलाई न्यूनीकरण गर्ने मुख्य तथा उत्तम संयन्त्रका रुपमा लिइएको छ (Media Pack 2009 and Ferrari 2010) ।

रेडको अवधारणा वनस्रोतको उचित व्यवस्थापनसँग जोडिएको हुन्छ । उचित व्यवस्थापनमा उपभोग तथा संरक्षणका सवालहरु जोडिन्छन् । यी अवधारणाहरुको कुरा गर्दा यस्तो स्रोतमा निर्भर रहेका समुदायहरुको सामाजिक, आर्थिक, साँस्कृतिक तथा राजनैतिक पक्षहरुको स्पष्ट रुपमा पहिचान गर्दै यसैका आधारमा कार्यक्रम तथा परियोजनाहरुको विकास गरिनु नितान्त आवश्यक छ । यसै सन्दर्भमा यस लेखमा नेपालमा विकास हुँदै गएको रेडको अवधारणा र यसको विकासक्रमभित्र आदिवासी जनजातिहरुको अधिकारको मुद्दालाई विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## रेड अवधारणाको ऐतिहासिक पृष्ठभूमि तथा आदिवासी जनजातिका चुनौतीहरु

सन २००७ पछि विश्व बैंकले रेडको विषयमा विभिन्न देशहरुमा नमुना परियोजनाहरु सञ्चालन गर्नका लागि परियाजना अवधारणापत्र (R-PIN) आह्वान गऱ्यो र १४ वटा देशहरुलाई R-PLAN तयार गरी बुझाउन अनुरोध गरेपछि रेड कार्यक्रमसँग आदिवासी जनजातिहरुको अधिकारको विषयले चर्चा पाउन थाल्यो (UNFCCC 2009, Holloyay and Giandomenico 2009, Simula 2009 and Evidente et al. 2009) । यही क्रमसँगै रेड कार्यक्रमको माध्यमबाट विश्वमा बृद्धि भइरहेको कार्बन उत्सर्जनलाइ न्यूनीकरण गर्ने यस अवधारणाभित्र आदिवासी जनजातिहरुको अधिकारको बहस चर्को रुपमा उठ्न थाल्यो । अहिलेसम्म भएको र देखिएको रेड कार्यक्रमको विकासलाई हेर्दा शासकीय, व्यवस्थापकीय तथा निर्णायक प्रक्रियाको बहस स्थानीय समुदाय, खास उपभोक्ताहरु र स्थानीय आदिवासी जनजाति समुदायहरुसँगको सहकार्य वा उनीहरुको सक्रिय सहभागिताबाट अगाडि बढेको देखिदैन (Sherpa 2009, Dooley et al 2008, Ferrari 2010, Blometal 2010) । विश्वका विभिन्न ठाउँहरुमा भएका र भइरहेका रेड कार्यक्रमको नमुना

परियोजनाहरुबाट भएको सिकाइअनुसार कुनै पनि देश अथवा ठाउँमा हुने रेड कार्यक्रमले स्थानीय स्तरमा भएको सामाजिक, साँस्कृतिक, आर्थिक, राजनैतिकजस्ता विविधता र जटिलताहरुलाई बुझी यसैका आधारमा रेडका कार्यक्रमहरु निर्माण गरिनुपर्दछ। तर हालसम्म विश्व समुदायमा ३० वटाभन्दा बढी ढाँचाको अवधारणाहरु आइसकेको (Media Pack 2009) र धेरै देशहरुमा नमुना परियोजनाहरु सञ्चालन पनि भइसकेको भए तापनि रेड कार्यक्रमको हालसम्म भएका गतिविधिहरुलाई हेर्दा आदिवासी जनजातिहरुका लागि निम्नानुसार चुनौती देखिन्छन् (Huettner et al 2008; Media Pack 2009; Dooley et al 2008; and Mann 2009)

- **लाभबाट वञ्चित हुने सम्भावनाः** वनस्रोत संरक्षण, उपभोग तथा व्यवस्थापनमा जसको ठूलो हिस्सा छ र हुनुपर्ने हो- त्यही समुदायलाई रेड कार्यक्रमबाट प्राप्त गर्नुपर्ने लाभबाट वञ्चित हुने प्रणाली बन्ने सम्भावना बढेको देखिन्छ किनकि रेड कार्यक्रमको प्रक्रियामा समुदायले पाउनुपर्ने लाभ बीच बाटोमा नै सिद्धिने वा चुहावट हुने र खास उपभोक्ताकहाँ नपुग्ने वा धेरै कममात्र पुग्ने सम्भावना देखिन्छ।

- **स्रोतमाथिको परम्परागत अधिकार कटौती हुने सम्भावनाः** रेड कार्यक्रमको प्रक्रियामा केही लाभ प्राप्त गर्ने वा दिने प्रलोभनमा आदिवासी जनजातिहरुको परम्परागत भूमि, भूमिमाथिको परम्परागत अधिकार र भू-उपयोगको प्रणालीमा नै क्रमिक रुपले कटौती हुने सम्भावना देखिन्छ। रेड कार्यक्रमअन्तर्गत हालसम्मका परियोजना र अवधारणाहरुले आदिवासी जनजातिहरुले वैधानिक रूपमा स्वामित्व प्राप्त गरी नसकेका स्रोतमाथिको अधिकार तथा स्वामित्वका लागि रेड कार्यक्रम उचित बन्न नसक्ने सम्भावना देखाएको छ। यदि यस अवधारणाले यस्ता समुदायलाई वन तथा भूमिस्रोतको परम्परागत उपभोग गर्ने अधिकार तथा स्वामित्वको अधिकारमा कटौती गर्ने हो भने यसले कार्बन उत्सर्जनको समाधानभन्दा समस्या ल्याउन सक्दछ। रेडको नाममा आफ्नो परम्परागत स्रोत राज्यले व्यापारिक प्रयोजनका लागि केही लाभ दिने प्रलोभनमा लिन सक्ने खतरा आदिवासी जनजातिहरु देख्दछन्।

- **जीविकोपार्जनमा समस्या आउने सम्भावनाः** रेड कार्यक्रमअन्तर्गतका परियोजनाहरुले स्थानीय समुदायहरुलाई आवश्यक पर्ने कृषि भूमिको क्षेत्रफल कटौती गर्ने र खाद्य संकट उत्पन्न हुने सम्भावना हुन्छ- जसको नकारात्मक प्रभावस्वरुप आदिवासी जनजाति र प्राकृतिक स्रोतमा पूर्ण रूपमा निर्भर रहेका समुदायको दैनिक जीविकोपार्जनमा समस्या ल्याउने र गरिबीलाई बढाउने सम्भावना हुन्छ। रेड कार्यक्रमका परियोजनाहरुले वनस्रोतमा आश्रित आदिवासी जनजाति र स्थानीय समुदायहरूलाई वैकल्पिक जीविकोपार्जनको दिगो आधार सिर्जना गर्नुपर्दछ। तर यदि कुनै समयमा पुग्दा यस्ता समुदायलाई बाहिरी सहयोग बन्द भई यस्ता वैकल्पिक जीविकोपार्जनका आधारमा बाधा पुग्दा यसले विकराल समस्या उत्पन्न गर्न सक्छ।

- **स्रोतको क्षयीकरण हुने सम्भावनाः** रेड परियोजनाले खासगरी वनजंगल भएको क्षेत्र र वनजंगल बन्न सक्ने क्षेत्रलाई पुरस्कृत गर्ने र त्यही क्षेत्रको समुदायलाई तुलनात्मक रूपमा बढी लाभ दिन सक्दछ- जसको परिणाम सभना (Savanna) क्षेत्र, घाँसेमैदान, सिमसारजस्ता कम जंगल भएका वा वनजंगल बन्न नसक्ने क्षेत्रमा

रहेका आदिवासी जनजाति र उनीहरूको क्षेत्रमा भएको प्राकृतिक स्रोतमाथिको चाप बृद्धि भई त्यस्ता ठाउँको भूमि स्रोत र अन्य स्रोतका उपभोग तथा शोषण अझ बढी भई स्रोतको क्षयीकरण हुने सम्भावना रहन्छ । त्यस्तैगरी रेड परियोजना र अवधारणामा हालसम्म देखिएको बहस तथा बुझाइले कम मूल्य भएको वा कम कार्बन उत्सर्जन गर्ने वनस्रोत वा क्षेत्रलाई कम मान्यता र प्रोत्साहन दिने सम्भावना रहन्छ- जसको कारण यस्ता क्षेत्रमा संरचनाको उचित सहयोग र मद्दत नपुग्ने सम्भावना रहन्छ ।

❖ **रेड कार्यक्रमका प्रक्रियाहरुमा आदिवासी जनजातिहरूको बहिस्करणको सम्भावनाः** रेड कार्यक्रमका प्रक्रियाहरुमा आदिवासी जनजातिहरूका लागि के कस्तो नीति तथा कार्यक्रमहरु कानुनी, आर्थिक, सामाजिक, सांस्कृतिक, राजनैतिक तथा धार्मिक हिसाबले उचित हुन्छ भन्ने कुरामा उनीहरु पूर्ण रुपमा सक्षम हुनु आवश्यक छ । तर रेड कार्यक्रमका प्रक्रियाहरुमा आदिवासी जनजातिहरूको पूर्ण सहभागिता कमजोर देखिएको छ । यसरी रेडको विभिन्न प्रक्रियाहरूमा आदिवासी जनजातिहरू अनभिज्ञ वा कम ज्ञान रहेमा रेड कार्यक्रमका आगामी नीति तथा कार्यक्रमहरू पूर्ण रूपमा सफल हुने कम सम्भावना रहन्छ । धेरैजसो आदिवासी जनजातिहरूले यस्ता नीतिबारे यथेष्ट ज्ञान राख्न सकेका छैनन्- जसको परिणाम रेडको वार्ता, छलफल तथा सम्झौताहरूमा सही रूपमा र उचित रूपमा परिणाम ल्याउन वा आफ्नो अधिकारको पक्षमा निर्णय गराउन सफल बन्न सक्ने सम्भावना न्यून देखिन्छ- जसको परिणाम रेड कार्यक्रमका प्रक्रियाहरुबाट शोषणयुक्त सम्झौताहरू हुने सम्भावना देखिन्छ किनभने धेरैजसो रेडको परियोजना तथा प्रक्रियाहरु आदिवासी जनजातिहरूले पूर्ण रूपमा नबुझिकनै र स्वीकार नगरिकनै सम्झौता गरिने र लागू गरिने खालका वातावरणहरू बढ्दै गएको छ- जसले गर्दा उनीहरुले रेड कार्यक्रमका परियोजनाहरुलाई चुपचाप स्वीकार्नुपर्ने अवस्था देखिन्छ ।

## रेड कार्यक्रममा आदिवासी जनजातिहरुको सवालहरु

रेड कार्यक्रमले प्रत्यक्ष तथा परोक्ष रुपमा आदिवासी जनजातिहरुको परम्परागत जीवन प्रणालीलाई प्रभाव पार्ने कुरामा एकमत देखिन्छ । यसकारण पनि रेड कार्यक्रमले आदिवासी जनजातिहरुको धेरै खालका अधिकारका सवालहरुलाई समेट्नुपर्ने आवश्यकता छ । प्रथम रेडको हरेक परियोजना, कार्यक्रम र प्रक्रियाहरु आदिवासी जनजातिहरुले आफ्नै कार्यक्रम हो भनी स्वामित्व स्वीकार गरेको हुनुपर्दछ- जसका लागि रेड कार्यक्रमका हरेक प्रक्रियाहरुमा आदिवासी जनजातिहरुको बहुलता, विविधता र स्थानीय जटिलताहरुलाई बुझ्ने, व्याख्या गर्ने र यहीअनुरुप कार्यनीति बनाउन सक्नुपर्दछ । दोस्रो रेड कार्यक्रमको हरेक परियोजना तथा प्रक्रियाहरु आदिवासी जनजातिहरुको पूर्व सुसूचित तथा पूर्व सहमतिका आधारमा गरिएको हुनुपर्दछ- जसले गर्दा उनीहरुको रेड कार्यक्रमका हरेक प्रक्रिया तथा प्रणालीहरुमा आदिवासी जनजातिहरुको सक्रिय सहभागिताको सुनिश्चितता गर्न सक्दछ । तेस्रो भनेको रेडका हरेक कार्यक्रमहरुले आदिवासी जनजातिहरुलाई स्पष्ट तथा दिगो रुपमा उनीहरुको जीविकोपार्जनमा पनि लाभ पुऱ्याउने सुनिश्चितता गर्न सक्नुपर्दछ- जसका लागि रेड कार्यक्रमको हरेक परियोजनाहरुले आदिवासी जनजातिहरुको परम्परागत भूउपयोग, स्वामित्व तथा अधिकारलाई सुनिश्चित गर्दै परम्परागत

जीविकोपार्जनका अभ्यासहरुको संरक्षण तथा वैकल्पिक आधारहरु पनि दिन सक्नुपर्दछ। चौथो रेड कार्यक्रमको हरेक परियोजनाहरुले आदिवासी जनजातिहरुको परम्परागत संस्था तथा संगठनहरुलाई स्थानीय क्षमता र स्रोतहरुको आधारमा सबलीकरण गर्दै लैजाने रणनीति लिनुपर्दछ। यसको अर्थ रेड कार्यक्रमको परियोजनाहरु लागू गर्दा स्थानीय समुदाय र आदिवासी जनजातिहरुको परम्परागत आर्थिक क्रियाकलापमा कुनै बाधा तथा हानि नपुऱ्याई उनीहरुको जीविकोपार्जनको आधारमा दीर्घकालीन वैकल्पिक आधारहरुको व्यवस्था दिगो रुपमा दिन सक्नु पर्दछ। पाँचौं भनेको रेड कार्यक्रमको सम्पूर्ण प्रक्रिया, यसको भाषा, यसको सबल र दुर्बल पक्षजस्ता कुराहरुमा आदिवासी जनजातिहरुलाई यथेष्ट मात्रामा प्रशिक्षण गर्ने, तालिम दिने, क्षमाता अभिबृद्धि गर्नेजस्ता काम गरिनु आवश्यक छ- जसले गर्दा उनीहरु रेड कार्यक्रमका बारेमा आफ्नो सामाजिक, साँस्कृतिक, आर्थिक, राजनैतिक अधिकारहरुको बहस तथा छलफल गर्न सक्दछन् (Bloom et al 2010, Suriname 2010, Dooley et al 2008, Grifiths 2008, Media Pack 2009, Mann et al 2009)।

## आदिवासी जनजातिहरुको सामाजिक तथा आर्थिक अवस्थाको सन्दर्भमा रेड कार्यक्रम

नेपाली समाजको संरचनामा भएको भाषिक, धार्मिक, जातीय, साँस्कृतिक विविधताभित्र ऐतिहासिक प्रक्रियाबाट जन्मँदै, हुर्कंदै र बढ्दै गएका असमानताहरु छन्। आधुनिक नेपालको निर्माता भनेर चिनिएका गोर्खाका राजा पृथ्वीनारायण शाहले आफ्नो दिव्योपदेशमा *"नेपाल चार जात छत्तीस वर्णको साझा फूलबारी हो"* भनेका छन्। तर स-साना राज्य तथा रजौटाहरुलाई एकीकरण गरी उन्नाइसौं शताब्दीको उत्तरार्धमा निर्माण गरिएको एकीकृत नेपालको व्यवस्थामा राज्यमा रहेका विविधतालाई सम्मान तथा सम्वर्धन गर्नेभन्दा चौधौं शताब्दीबाट सुरु भएको जातीय तथा धार्मिक विभेदलाई बढावा दिंदै भाषिक तथा सांस्कृतिक भेदभाव तथा असमानतालाई मलजल पुऱ्याउने काम गरेको छ- जसले गर्दा हिन्दु आर्य जातिका समुदायहरुबाहेक अन्य समुदायहरु विभिन्न रुपमा कमजोर तथा निमुखा बन्दै गए र परिणामस्वरुप वर्तमान अवस्थामा रहेको भेदभाव, पछौटेपन, साँस्कृतिक तथा भाषिक लोप, आर्थिक असमानताजस्ता विभेदहरुको सिर्जना भएको छ।

क्रमिक रुपमा फस्टाउँदै गएको जातीय विभेद र असमानताले सामाजिक, राजनैतिक तथा आर्थिक असमानताहरुलाई मलजल गर्ने काम गर्दै गएको छ। शाहवंशीय एकाधिकारवादी राज्य संरचनाको निर्माणपछिको शासकीय विभेदीकरणलाई हेर्दा जातीय श्रेणीक्रममा उच्च श्रेणीमा राखिएका जातीय समुदायहरुको राजनैतिक, शासकीय तथा प्रशासनिक तहहरुमा प्रतिनिधित्व तुलनात्मक रुपमा धेरै न्यून रहेको छ। गोविन्द नेउपानेको अध्ययन (२००२) अनुसार पर्वते तागाधारीहरुको प्रतिनिधित्व ६७ प्रतिशत छ भने पर्वते जनजातिहरुको ८ प्रतिशतमात्रै छ। जातजातिगत आर्थिक तथ्याङ्कहरुलाई हेर्दा पनि आदिवासी जनजातिहरुको अवस्था तुलनात्मक रुपमा उच्च जातका समुदायहरुको भन्दा कमजोर देखिन्छ। त्यस्तैगरी जातजातिहरुको पेसागत संलग्नता पनि असमान छ। जस्तैः उच्च श्रेणीमा राखिएका जातजातिहरु व्यावसायिक/प्राविधिक, कानुनी तथा प्रशासनिक, कारिन्दा, सेवाजस्ता पेसागत दक्षता आवश्यक पर्ने पेसाहरुमा बढी संलग्न रहेको देखिन्छ भने आदिवासी जनजातिहरुचाहिं पेसागत दक्षता आवश्यक नपर्ने कृषि तथा मजदुरजस्ता पेसाहरुमा बढी संलग्न भएको देखिन्छ। जातजातिगत शैक्षिक अवस्था पनि असमान नै छ। जस्तै सन २००१ को तथ्यांकअनुसार स्नातक तह उत्तीर्ण कूल जनसंख्यामध्ये ६२ प्रतिशत जनसंख्या उच्च पर्वते जातिहरुबाट छन् भने आदिवासी जनजातिबाट लगभग ७ प्रतिशतमात्रै छन् (आचार्य र अन्य २००४

र गुरुङ २००९)। यसको अर्थ रेड कार्यक्रमले खासगरी आदिवासी जनजातिहरुलाई पेसा तथा जीविकोपार्जनका आधारहरुमा बढी प्रभाव पार्ने देखिन्छ- जसले गर्दा रेड कार्यक्रमको परियोजनाको सफलता तथा विफलताको प्रभाव आर्थिक रुपमा विपन्न तथा कमजोर रहेका आदिवासी जनजाति समुदायहरुलाई नै बढी पर्दछ।

## प्राकृतिक स्रोतमाथिको निर्भरता तथा रेड कार्यक्रमको सान्दर्भिकता

नेपालका आदिवासी जनजातिहरु स्थानीय स्तरमा उपलब्ध वन, जमिन, चरिचरनजस्ता स्रोतहरुमा आश्रित छन्। उनीहरु विकास तथा औद्योगिकीकरणले ल्याएको विभिन्न खालका सुविधाहरुको उपयोगभन्दा स्थानीय स्तरमा उपलब्ध प्राकृतिक स्रोतहरुमा आधारित सुविधाहरुको उपयोगमा आश्रित छन्।

**तालिका १: आदिवासी जनजातिहरुको घरधुरी विशेषता, २००१**

| जातीय समुदाय | घरको किसिम | | बत्ती बाल्ने सुविधा | | खाना पकाउने इन्धन | | |
|---|---|---|---|---|---|---|---|
| | पक्का | कच्चा | विद्युत् | मट्टीतेल | दाउरा | मट्टीतेल | ग्यास |
| उच्च जात | 52.4 | 18.1 | 52.1 | 43.2 | 65.3 | 16.0 | 16.1 |
| दलित | 19.7 | 50.7 | 18.0 | 76.9 | 75.2 | 5.9 | 1.3 |
| जनजाति | 32.6 | 34.7 | 38.1 | 59.8 | 70.1 | 14.4 | 8.2 |
| अल्पसंख्यक | 27.3 | 49.0 | 35.4 | 62.8 | 52.1 | 13.6 | 3.9 |
| कुल | 36.6 | 33.5 | 39.6 | 57.2 | 65.6 | 13.5 | 9.4 |

स्रोतः आचार्य र अन्य, २००४, मस्यौदा, तालिम ३.६, ३.८, ३.९, २.१० र ३.१२ (साभार गुरुङ २००९)

तालिका १ ले उच्च जातका घरधुरीहरु बढी सुविधायुक्त तथा आधुनिक घरमा बस्ने र सुविधायुक्त तथा आधुनिक इन्धन (विद्युत्, ग्यास) को प्रयोगमा बढी आश्रित भएको देखिन्छ भने आदिवासी जनजाति तथा जातीय श्रेणीक्रममा तल्लो तहमा राखिएका जातीय समुदायहरु तुलनात्मक रुपमा प्राकृतिक स्रोतमाथि बढी निर्भर रहेको देखिन्छ। यसको अर्थ के हो भने रेड कार्यक्रमले आदिवासी जनजातिहरुलाई प्रमुख उपभोक्ता तथा निर्णयकर्ता बनाउनुपर्दछ।

## नेपालमा रेड अवधारणाको विकासक्रममा आदिवासी जनजातिहरुको अधिकारको सवाल

नेपालमा रेड तथा रेड प्लसको अवधारणाले ठूलै ठाउ पाउन थालेको छ। खासगरी सन २०१२ देखि विश्व समुदायमा हुन गइरहेको कार्बन व्यापारको सन्दर्भले नेपाल सरकार तथा अन्य सरोकारवाला समुदायहरुलाई रेडको रणनैतिक तथा व्यावहारिक विषयमा बहस तथा छलफल बढ्न थालेको छ।

वन विनाश र वनस्रोत क्षयीकरणको नियन्त्रणमा विश्व बैंकले संयोजनकारी भूमिका खेल्ने भएपछि नेपाल पनि रेड कार्यक्रमको प्रक्रियामा सामेल हुन पुग्यो। खासगरी रेड अवधारणापत्रको आधारमा छनौट भई एसियाको ग्वाटेमाला, लाओस, भियतनाम,

थाइल्यान्ड, इन्डोनेसियालगायत नेपालले पनि राष्ट्रिय रेड कार्यक्रमको परियोजना पत्र तयार गरी पेस गर्नका लागि आर्थिक सहयोग पाएपछि रेडको बहसले नेपालमा बलियो ठाउँ पाउन थाल्यो । तर नेपाल सरकारले सन २००८ को अप्रिल महिनामा तयार गरी बुझाएको रेड अवधारणापत्र (RPIN) ले भने आदिवासी जनजातिहरुको भूमिस्रोतमाथिको परम्परागत अधिकार, आफ्नो भूक्षेत्रमाथिको अधिकार, प्राकृतिक स्रोत व्यवस्थापन गर्ने अधिकार, उपभोग गर्ने अधिकारलाई बेवास्ता गरेको र कुनै मान्यता दिन नसकेको देखिन्छ (Sherpa 2009, Dooley et al 2008) । यस अवधारणापत्रमा आईएलओ १६९ महासन्धिले आदिवासी जनजातिहरुलाई प्रदान गरेको अधिकारको कुनै पनि कुरा उल्लेख गरिएको छैन (Sherpa 2009)।

नेपाल सरकारले विश्व बैंकलाई बुझाएको RPIN को अवधारणापत्रमा रेड कार्यक्रमको सम्झौता गर्ने केही अधिकार सामुदायिक वन उपभोक्ता समूहलाई दिइएको छ भने केही आंशिक अधिकार कबुलियती वन समूह र मध्यवर्ती क्षेत्र व्यवस्थापन समूहलाई दिएको छ । तर यस्तो अधिकार आदिवासी जनजातिहरुलाई दिने कुराको उल्लेख कतै पनि गरिएको छैन । यस अवधारणापत्रले आदिवासी जनजातिहरुसँग गरिनुपर्ने छलफल तथा परामर्शको कुरालाई पनि बलियो रुपमा उठाउन तथा उल्लेख गर्न सकेको छैन । उक्त अवधारणापत्रमा नागरिक समाज अधिकारसम्पन्न हुने बित्तिकै आदिवासी जनजातिहरु पनि स्वतः अधिकारसम्पन्न हुने कुरालाई स्वीकार गरी आदिवासी जनजातिहरुलाई रेड कार्यक्रमका बारेमा सक्षम तथा सचेत बनाउने कुनै विशेष कार्यक्रमको परिकल्पना गरेको छैन ।

## नेपालमा रेड कार्यक्रम तथा आदिवासी जनजातिका सवालहरू

नेपाली समाजको संरचनामा आदिवासी जनजातिहरू सामाजिक, आर्थिक, प्रशासनिक तथा राजनैतिक हिसाबले उपेक्षित तथा कम्जोर छन् । एकीकृत तथा केन्द्रीकृत राज्यव्यवस्थाले अंगीकार गरेको धार्मिक तथा जातीय बहिस्करणको नीतिले उनीहरुलाई कमजोर बनाउँदै लगेको छ । परम्परागत रुपमा उनीहरू आफ्नो भूभागहरुमा उपलब्ध प्राकृतिक स्रोतहरूमाथि पूर्णतया आश्रित छन् । नेपाली राज्य निर्माणको प्रक्रियामा उनीहरूले भूमिमाथिको आफ्नो परम्परागत अधिकार गुमाउँदै गएका हुन् (Caplan 1970) । भूमिसूगै वनस्रोत पनि आदिवासी जनजातिहरूको परम्परागत जीविकोपार्जनको अर्को आधार हो । नेपालमा अन्य प्रकारको वन व्यवस्थापनभन्दा सामुदायिक वन व्यवस्थापन पद्धतिमा समुदायले धेरै अधिकार पाउँदै आएको कुरा धेरै अध्ययनहरुले देखाएका छन् । विगत तीस वर्षदेखि नेपालमा अभ्यास गरिएको सामुदायिक वन व्यवस्थापनले समग्र स्वनस्रोत व्यवस्थापनमा उदाहरणीय योगदान दिएको छ । यस व्यवस्थापन प्रणालीभित्र नै पनि आदिवासी जनजातिहरूको पहुँच, अधिकार तथा सहभागिता चित्तबुझ्दो बन्न सकेको छैन । नेपालमा रेड कार्यक्रमले यही वनस्रोतको व्यवस्थापन प्रणालीलाई प्रमुख मान्यता दिने रणनीति बनाएको देखिन्छ । यसको अर्थ रेड कार्यक्रमको सफलता र उपलब्धि भनेको आदिवासी जनजातिहरूले स्वीकार गर्ने र उनीहरूको आवश्यकतालाई दीर्घकालीन रूपमा समाधान गर्ने स्रोत व्यवस्थापनको नयाँ उपाय हुनुपर्दछ ।

नेपालमा रेड कार्यक्रम कार्यान्वयन गर्दा आदिवासी जनजातिहरूको निम्न प्रकारका सवालहरू गम्भीर रूपमा उठान गर्न आवश्यक देखिन्छ-

- रेड कार्यक्रमको राजनैतिक, प्रशासनिक तथा शासकीय एकाइ तथा तहहरूमा पहुँच र सहभागिता,
- परम्परागत जीविकोपार्जनका आधारहरुको सुनिश्चितता,
- भूमि तथा वनस्रोतमाथिको परम्परागत स्वामित्व तथा अधिकारको सुनिश्चितता,
- परम्परागत पेसाको संरक्षण गर्दै दिगो तथा प्रतिस्पर्धात्मक आयआर्जनका लागि अन्य आधुनिक तथा वैकल्पिक पेसाहरूको अवसर प्रदान,
- रेड कार्यक्रमका बारेमा पूर्व सुसूचित तथा पूर्व सहमतिको अधिकार सुनिश्चित,
- रेड कार्यक्रमका हरेक निर्णय प्रक्रियाहरूमा सक्रिय सहभागिता,
- रेड कार्यक्रमका बारेमा सैद्धान्तिक तथा व्यावहारिक क्षेत्रमा क्षमता अभिबृद्धि आदि ।

नेपालमा रेड कार्यक्रमको परियोजनाहरुलाई सफल पार्नका लागि आदिवासी जनजातिहरुका मुद्दाहरुलाई सम्बोधन गरिनुपर्दछ । नेपाल आदिवासी जनजाति महासंघले पनि रेड कार्यक्रममा आदिवासी जनजातिहरुको हुनुपर्ने अधिकारका विषयमा १४ बुँदे अवधारणापत्र नेपाल सरकारलाई बुझाइसकेको छ (NEFIN 2010)। माथि उल्लेख गरिएका सवालहरुलाई नीतिगत रुपमा सम्बोधन गरिनका लागि रेड कार्यक्रममा निम्नानुसार व्यवस्थाहरु गरिनु आवश्यक छ (Sherpa 2009, Dooley et al 2008, Paudel et al 2010, Ojha et al 2010)

- नेपालको सामुदायिक वनजस्तो उदाहरणीय वन व्यवस्थापन पद्धतिमा पनि आदिवासी जनजातिहरुको परम्परागत अधिकार बलियो गरी स्थापित हुन नसकेको सन्दर्भमा रेड कार्यक्रमको सफलताका लागि आदिवासी जनजातिहरूको वनस्रोत व्यवस्थापनको परम्परागत पद्धतिलाई मान्यता दिई सशक्तीकरण गरिनुपर्दछ ।
- रेड कार्यक्रमको हरेक प्रक्रियामा आदिवासी जनजातिहरूको सक्रिय सहभागिता गर्दै हरेक कार्यक्रमहरुका लागि पूर्वसुसूचित तथा पूर्व सहमति लिइनुपर्दछ- जसका लागि विभिन्न खालका सञ्जालहरू प्रयोग गरी विभिन्न चरणहरुमा भेला, छलफल, तालिम, सडक नाटकजस्ता रणनीतिक तथा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनुपर्दछ ।
- रेड कार्यक्रमको सफलताका लागि क्षमता अभिबृद्धि महत्वपूर्ण कार्यनीति हुनुपर्दछ- जसले गर्दा आदिवासी जनजातिहरूलाई रेडको विषयमा विभिन्न चरणहरूमा क्षमता अभिबृद्धिको हुन सक्दछ ।
- रेड कार्यक्रम भनेको अन्तर्राष्ट्रिय विषय हो । यसका लागि अन्तर्राष्ट्रिय स्तरमा हुने नीतिगत बहस तथा वादविवादहरुमा भाग लिई आफ्नो अधिकारका मुद्दाहरुको उठान गर्नु महत्वपूर्ण हुन्छ- जसका लागि आदिवासी जनजातिहरूलाई अन्तर्राष्ट्रिय स्तरका वार्ता तथा छलफलहरुमा भाग लिई आफ्नो समुदायका लागि कस्तो नीति तथा कार्यक्रम सुहाउँदो तथा उचित हुन्छ भन्ने कुराको निर्णय गर्ने प्रक्रियामा सहभागी गराउनुपर्दछ ।

यसरी विकास भइरहेको रेड कार्यक्रमका विभिन्न प्रक्रियाहरुमा आदिवासी जनजातिहरुको सक्रिय सहभागिता, पूर्वसुसूचित तथा पूर्व सहमतिको अधिकार तथा आवश्यक क्षमता अभिबृद्धिका विषयहरु बलियो गरी उल्लेख तथा व्यवस्था गरिनु आवश्यक छ ।

## निष्कर्ष

रेड कार्यक्रमको सैद्धान्तिक तथा व्यावहारिक लक्ष्य भनेको विश्वमा बढ्दो कार्बन उत्सर्जनलाई कम गर्न वनस्रोतको दिगो संरक्षण गर्ने र यसरी संरक्षण गरेबापत बढी कार्बन उत्सर्जन गर्ने धनी, औद्योगिक तथा विकसित मुलुकहरूले संरक्षण गर्ने मुलुकहरूलाई प्रोत्साहनस्वरूप आर्थिक सहयोग प्रदान गर्नु हो । तर

यस कार्यक्रममार्फत कुनै पनि राज्यले पाउने आर्थिक सहयोग प्राप्त गर्नका लागि उक्त राष्ट्रले अवलम्बन गर्नुपर्ने कार्यविधि तथा कार्यनीतिहरुले त्यहाँका आदिवासी जनजातिहरूको सामाजिक, सास्कृतिक, आर्थिक एवं राजनैतिक आवश्यकता र अधिकारहरूलाई कसरी व्यवस्था गर्दछ भन्ने विषय महत्वपूर्ण छ। रेडको विषयमा हालसम्म सञ्चालन भएका विभिन्न नमुना परियोजनाहरु तथा रेड कार्यक्रमको प्रक्रियाहरुलाई हेर्दा र समीक्षा गर्दा रेड कार्यक्रमले आदिवासी जनजातिहरूको अधिकारलाई मजबुत बनाउने भन्दा कटौती गर्ने सम्भावना बढी देखिन्छ। नेपालकै सन्दर्भमा कुरा गर्दा पनि हालसम्म भएका रेडको प्रक्रियाहरूले रेड कार्यक्रम लागू भइसकेपछि आदिवासी जनजातिहरूको स्रोतमाथिको परम्परागत तथा कानुनी अधिकारहरूलाई सुनिश्चित गर्ने सम्भावना कम देखिन्छ। रेड कार्यक्रमलाई आदिवासी जनजातिहरूले सजिलै गरी बुझ्ने, स्वीकार गर्ने, र सक्रिय रूपमा सहभागी भई रेडको कार्यक्रम तथा परियोजनाहरुलाई आफ्नो हितअनुसार नाउने, स्रोतहरुमाथि आफ्नो परम्परागत स्वामित्व तथा अधिकार जोगाउने, दिगो आर्थिक लाभ प्राप्त गर्न आवश्यक पर्ने नीतिगत व्यवस्था सुनिश्चित गर्नेजस्ता अत्यन्त आवश्यक कुराहरुको सुनिश्चित हुने सम्भावना बलियो गरी आएको देखिदैन। यसको सट्टा रेड कार्यक्रमको सैद्धान्तिक तथा व्यावहारिक जटिलताका कारण प्राप्त स्रोतको न्यायिक तथा समन्यायिक वितरण हुन नसक्ने, नीतिनिर्माण तथा निर्णय प्रक्रियाहरुमा हुनुपर्ने सहभागिताको सुनिश्चिततताजस्ता कुराहरु बलियो हुने भन्दा पनि बिस्तारै केन्द्रतिर जाने सम्भावनाहरु देखिन्छ- जसले गर्दा आदिवासी जनजातिहरूको परनिर्भरता बढ्दै जाने, राज्यले प्राप्त गरेको स्रोतको वितरण प्रणाली जटिल भई खास उपभोक्ता वा आदिवासी जनजातिहरुकहा पुग्न नसक्ने र अन्तमा स्रोतको संरक्षणभन्दा पनि विनाश भई यसैको कारण आदिवासी जनजातिहरूले स्रोतमाथिको आफ्नो परम्परागत पहुँच, अधिकार र स्वामित्व नै गुमाउनुपर्ने पनि हुन सक्दछ। यसकारण रेड कार्यक्रमले आदिवासी जनजातिहरूका यी मुद्दाहरूलाई चित्तबुझ्दो र स्पष्ट तरिकाले व्यावहारिक तथा सैद्धान्तिक मार्ग प्रस्तुत गर्न सक्नुपर्दछ।

## सन्दर्भ सामग्रीहरु


Angelsen, A. with Brockhaus, M., Kanninen, M., Sills, E., Sunderlin, W. D. and Wertz-Kanounnikof", S. (eds) 2009, Realising REDD+: National strategy and policy options. CIFOR, Bogor, Indonesia.

Blom, Benjamin; Sunderland Terry; Murdiyarso, Daniel (2010): Getting REDD to work locally: lessons learned from integrated conservation and development projects. In: Environmental Science and Policy, 13 (2010), 164–172.

Caplan, Lionel (1970): Lnd and Social Change in East Nepal: A Study of Hindu-Tribal Relations. Himal Books, Katmandu.

Dahal, Ngamindra; and Banskota, Kamal (2009): Cultivating REDD in Nepal's Community Forestry: A Discourse for Capitalizing on Potential?. In: Journal of Forest and Livelihood 8(1) February 2009, pp 41-50.

Dooley, Kate; Griffiths, Tom; Leake, Helen; Ozinga, Saskia (2008): Cutting Corners: World Bank's forest and carbon fund fails forests and peoples. FERN :of"ice UK.

Ferrari, Cristián Alarcón (2010): Communicating climate change, REDD and political ecology: A global land question and prospects for agroecology. In: 9th European IFSA Symposium, 4 7 July 2010, Vienna (Austria) pp. 1548-1557.

Griffiths, Tom (2008): Seeing 'REDD'? Forests, climate change mitigation and the rights of indigenous peoples. Forest Peoples Programme.

Gurung, Harka (2009): *बहिस्करणदेखि समावेशीकरणसम्म नेपालका लागि सामाजिक राजनैतिक एजेन्डा*। Social Inclusion Research fund, Bakhundole, Lalitpur, Kathmndu.

Hofer, Andras (1979): The Caste Hierarchy and the State in Nepal. Himal Books, Katmandu.

Holloyay, V. and E. Giandomenico (2009) 'The Carbon Planet White Paper: The History of REDD Policy'. Carbon Planet Limited.

Huettner, Michael; Grace Villamor; David Huberman; Johannes Ebeling; Susanne Lehmann; and Elke Mannigel (2008): How to get REDD right – Navigating the winding road towards sustainability (A policy discussion paper for UNFCCC COP14, 2008). German Federal Agency for Nature Conservation (see: http://www.bfn.de/0610_vortraege.html).

International Labour organization (ILO), 1989: A manual: ILO convention on indigenous and tribal peoples. London: ILO.

Mann, Tim; and Muhammad Teguh Surya (2009):REDD Wrong Path : Pathetic Ecobusiness. Wahana Lingkungan Hidup Indonesia.

Media Pack (2009): Reporting REDD: a journalist's guide to the role of forests in combating global climate change. Climate Change Media Partnership.

Mehata, A. & Kill, J. 2007. Seeing 'REDD'? 'Avoided Deforestation' and the Rights of Indigenous Peoples and Local Communities. Climate and Forests Brief Note. London: FERN.

Ministry of Forests and Soil Conservation (2008): Forest Carbon Partnership Facility, Readiness Programme Idea Note (R-PIN) for Reducing Emissions from Deforestation and Forest Degradation (REDD). Government of Nepal, Kathmandu.

Ministry of Forst and Socil Conservation (2010): Nepal's Readyness Preparation Proposal-REDD. Prepared by Nepal Government.

NEFIN (2010): Position Paper of Nepal Federation of Indigenous Nationalities (NEFIN) on Climate Change and Reducing Emission Form Deforestation and Degradation (REDD). NEFIN, Kathnmandu.

Neupane, Govinda (2002): *नेपालको जातीय प्रश्न: सामाजिक बनौट र साझेदारीको सम्भावना।* Development Study Centre, Kathmandu.

Ojha, Hemant R; Dahal, Ngamindra; Baral, Jagadish; Subedi, Ramu; and Branney, Peter (2010): Making REDD Functional in Nepal: Action Points for Capitalizing Opportunities and Addressing Challenges. A discussion paper (Draft).

Paudel, Naya S; Hemant Ojha; Sushila Rana (2010): Capacity Building Needs Assessment and Training Strategies for Grassroots REDD Stakeholders in Nepal. A report Submitted to RECOFTC – The Center for People and Forests, Bangkok.

Pokharel, Bharat; and Baral, Jagadish (2009): From Green to REDD, from Aid to Trade: Translating the Forest Carbon Concept into Practice. In: Journal of Forest and Livelihood 8(1) February 2009, pp 37-40.

Sherpa, Pasang Dolma (2009): Challenges and opportunities for indigenous nationalities in the face of REDD partnerships in Nepal. Indigenous Affairs 1-2/09.

Simula, M. (2009) 'REDD Finance Mechanisms': TFP Background Paper.

Suriname, V. (2010): Indigenous Peoples' Rights and Reduced Emissions from Reduced Deforestation and Forest Degradation: The Case of the Saramaka People. Fosseway Business Centre, Stratford Road, Moreton-in-Marsh GL56 9NQ, UK.

Griffiths, Tom and Lawrence Anselmo (2010): Indigenous Peoples and Sustainable Livelihoods in Guyana: an overview of experiences and potential opportunities. Amerindian Peoples Association, Forest Peoples Programme and The North-South Institute.

UNFCCC (2009) 'Fact sheet: Reducing emissions from deforestation in developing countries: approaches to stimulate action'.

●●●

---

** लेखक संरक्षित क्षेत्रहरुको व्यवस्थापनमा पछाडि पारिएका समुदायहरुको अधिकार लगायत प्राकृतिक स्रोतसँग जोडिएका अन्य मुद्दाका विषयमा अध्ययन गरिरहनु भएको छ ।*